म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २४३ सोमबार २८ चैत २०७८ दशमी ने. सं. ११४२ चिल्लाथ्व 11 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## करेन्ट लागेर एकजनाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ हेटौंडा-१३ पदमपोखरीमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

आइतबार हेटौंडा-१३ पदमपोखरीमा वर्कशप संचालन गर्दै आएको एक व्यक्तिको करेन्ट लागेर मृत्यु भएको हो । मृत्यु हुनेमा सोही वडाका अन्दाजी ३५ वर्षीय सहदेव गोले रहेका छन् । वर्कशप संचालक समेत रहेका गोले मोटरसाईकल धुने क्रममा अचानक करेन्ट लागेर घाइते भएका थिए ।

घाइते भएका उनको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको मकवानपुरका निमित्त प्रहरी प्रवक्ता प्रहरी निरीक्षक देवेन्द्र दासले जानकारी दिए ।

आकांक्षी धेरै हुँदा उम्मेदवार छान्न एमालेलाई सकस

# हेटौंडाको मेयरमा ९, उपमेयरमा ७ जनाको दावी

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ नेकपा एमाले मकवानपुरलाई हेटौंडा उपमहानगरपालिकाको उम्मेदवारको नाम टुंग्याउन सकस परेको छ ।

उपमहानगरको मेयर र उपमेयरमा आकांक्षी धेरै हुँदा एमालेलाई उम्मेदवारको नाम टुंग्याउन सकस परेको हो । नेकपा एमाले मकवानपुरका हेभि वेटका नेताहरु नै हेटौंडाको मेयर बन्न ईच्छुक रहँदा हेटौंडाको उम्मेदवार तय गर्ने विषय एमालेलाई पेचिलो बन्दै गएको छ । सर्वसम्मत रुपमा हेटौंडाको मेयर/उपमेयरको नाम टुंग्याउन आईतबार बसेको बैठक असफल भएको छ ।

सर्वसम्मत रुपमा उम्मेदवार बनाउन सहमती जुटाउन नसकेपछि एमालेले प्रमुख र उप्रमुखमा १६ जनाको नाम सिफारिस गर्ने निर्णय गरेको छ । एमाले हेटौंडा नगर कमिटीको बैठकले सर्वसम्मत् निर्णय गर्न नसकेपछि मेयरमा ९ जना र उपमेयरमा ७ जनाको नाम सिफारिस गरेको हो ।

बैठकले हेटौंडा उपमहानगरपालिकाको मेयर पदका लागि हरिबहादुर महत, रघुनाथ खुलाल, रामेश्वर राना, एकलाल श्रेष्ठ, अनन्त पौडेल, मदन दाहाल, ध्रुव चौलागाईं, विके महर्जन र गणेशकुमारी प्रधानलाई सिफारिस गर्ने निर्णय गरेको छ ।

उपमेयर पदका लागि सुमित्रा काफ्ले, मेनुका दाहाल, सीता बिष्ट, प्रतिमा श्रेष्ठ, आरती पाठक, रमिला सापकोटा र इन्द्र नेपाललाई सिफारिस गर्ने निर्णय गरेको छ । सर्वसम्मत् उम्मेदवार छनोटका लागि भएको प्रयास असफल भएसँगै आकांक्षी उम्मेदवारको नाम सिफारिस गरिएको हो । उक्त सिफारिस जिल्ला, प्रदेश हुँदै केन्द्रीय कमिटीमा पुग्नेछ । एमालेबाट पूर्व संविधानसभा सदस्यदेखि जिल्ला सचिवालय समितिका सदस्य गरी सात जनाले मेयरमा आकांक्षा व्यक्त गर्दा सर्वसम्मत रुपमा उम्मेदवारको नाम टुंग्याउन मुस्किल परेको हो । २०७० सालमा संविधानसभाको सदस्यमा निर्वाचित अनन्त पौडेलदेखि एमालेका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज रामेश्वर रानासम्म हेटौंडा उपमहानगरपालिकाको मेयर बन्ने दौडमा रहेका छन् ।





मकवानपुरमा एमालेका 'हेभि वेट' नेताको रुपमा डोरमणी पौडेल, संविधानसभा सदस्य अनन्त पौडेल,केन्दीय सदस्य राना रहेका छन् । तर डोरमणी बाहेक अन्य दुईजना 'हेभि वेट' नेता तथा एमाले मकवानपुरको जिल्ला अध्यक्ष नै हेटौंडाको मेयर बन्ने दौडमा रहदा जिल्लाबाट उम्मेदवारको नाम सिफारिस गर्ने पनि एमालेलाई सकस परेको एमालेको एक नेता बताउँछन् ।

पछिल्लो समय मकवानपुरको राजनीतिमा संविधानसभा सदस्य पौडेल र बागमती प्रदेशका पूर्व मुख्यमन्त्री डोरमणि पौडेलले एमालेका लागि अभिभावकीय र निर्णायक भूमिका खेल्दै आएका छन् । मेयर पदका उम्मेदवार चयनमा पनि उनीहरूको भूमिका निर्णायक हुने बताइएको छ । संविधानसभा सदस्य पौडेलले मेयर पदमा आकांक्षा व्यक्त गरेपछि उम्मेदवार छनौटमा समस्या देखिएको एमाले नेताहरू बताउँछन् । जिसस मकवानपुरका प्रमुख खुलाल पूर्वमुख्यमन्त्री पौडेलको पहिलो रोजाईका पात्र हुन् ।

पूर्वमुख्यमन्त्री पौडेल निकटकै केन्द्रीय सदस्य रानाले पनि मेयर बन्ने आकांक्षा देखाएपछि भने एमालेभित्र समस्या देखिएको छ ।

अघिल्लो निर्वाचनमा गठबन्धनका उम्मेदवारलाई हराउँदै हेटौंडाको मेयर बनेका महत आफ्ना अधुरा काम पुरा गर्न भन्दै थप एक कार्यकाल आफूलाई अवसर दिनुपर्ने तर्क गर्दै आएका छन् ।

**यी हुन् सम्भावित वडाध्यक्षका उम्मेदवारहरु**

स्थानीय तहको निर्वाचनका लागि नेकपा एमाले हेटौंडा उपमहानगरपालिका कमिटीले १९ वटै वडाका लागि वडाध्यक्षसहित सदस्यहरूको नाम टुङ्ग्याएर जिल्ला कमिटीमा सिफारिस गरेको छ । एमाले हेटौंडा उपमहानगरपालिकाको सबै वडा कमिटीको बैठकले वडाध्यक्ष र सदस्य पदका उम्मेदवारको नाम सिफारिस गरेको हो ।

जसअनुसार हेटौंडा उपमहानगरपालिका १-को वडाध्यक्षमा उत्तम प्रसाद पौडेल, २ नम्वरको वडाध्यक्षमा हरिबहादुर राउत, ३ नम्वररको वडाध्यक्षमा रामकुमार पुडासैनी/परेशमान विडारी/कल्पना लामा, ४ नम्वरको वडाध्यक्षमा नवीन सिग्देल, ५ नम्वरको वडाध्यक्षमा सुशील घिमिरे ,६ नम्वरको वडाध्यक्षमा विश्वराज राई, ७ नम्वरको वडाध्यक्षमा राजन थापा र ८ नम्वरको वडाध्यक्षमा बोलबहादुर कार्की/यशोदा उप्रेती/रमेशकुमार पौडेलको नाम सिफारिस गरिएको छ ।

त्यस्तैगरि ९ नम्वरको वडाध्यक्षमा नरेन्द्र भण्डारी/लक्ष्मणप्रसाद भण्डारी/गोमा शाह, १० नम्वरको वडाध्यक्षमा धर्मराज बस्नेत/साधना श्रेष्ठ/फूर्वादोर्जे लामा/किताप सिं लामा, ११ नम्वरको वडाध्यक्षमा जुना दाहाल/रामचन्द्र न्यौपाने/दीपक शिवाकोटी, १२ नम्वरको वडाध्यक्षमा राजेश नगरकोटी, १३ नम्वरको वडाध्यक्षमा पेम्बा लामा, १४ नम्वरको वडाध्यक्षमा दीपक खड्का, १५ नम्वरको वडाध्यक्षमा सुनिल मोक्तान, १६ नम्वरको वडाध्यक्षमा बसन्त प्रसाद लामिछाने, १७ नम्वरको वडाध्यक्षमा भैरवबहादुर राई/लक्ष्मण खुलाल, १८ नम्वरको वडाध्यक्षमा अनिल बानियाँ र १९ नम्वरको वडाध्यक्षमा नरनाथ सुवेदी/इन्दिरा तामाङ/रत्नबहादुर ब्लोनको नाम सिफारिस गरिएको छ ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA
e-SCOOTERS







Offer
रु.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- व्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

## अवैध लागूऔषधसहित ६ जना पक्राउ





साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ मकवानपुर प्रहरीले विभिन्न प्रकारको अवैध लागूऔषधसहित छुट्टाछुट्टै स्थानबाट ६ जनालाई पक्राउ गरेको छ ।

अवैध लागूऔषध ढुवानी भइरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरीक्षक प्रकाश थापाको कमाण्डमा खटिएको प्रहरी टोलीले ३५ केजी लागूऔषध गाँजासहित पाँचजनालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा.८ ख ८१०६ नम्बरको यात्रुवाहक बसलाई पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी-६ बाट रोकी सुरक्षाजाँच गर्दा चितवन जिल्लाको राप्ती नगरपालिका-१ का १९ बर्षीय सरोज तामाङ, राप्ती नगरपालिका-११ का २५ बर्षीय सूर्य बहादुर स्याङ्बो, २८ बर्षीय होमनाथ मुक्तान, २५ बर्षीय यमराज मुक्तान र ३४ बर्षीय एबी लाल तामाङलाई लागूऔषधसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यस्तैगरि प्रहरीले हेटौंडा-७, नागस्वतीस्थित २२ बर्षीय सन्देश ब्लोनको घरबाट ठूलो परिमाणमा लागूऔषध बरामद गरेको छ । ब्लोनको घरमा छापा मार्दा लागूऔषध ट्रमा एकहजार ४० ट्याब्लेट, नाईट्रोभेट पाँच सय २५ ट्याब्लेट र मोरेक्स १० बोतल बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

अन्तर्राष्ट्रिय स्तरको TUV सर्टिफाईड

नेपालकै उत्कृष्ट फनपार्क

चितवनको लंकू, धर्मचोकमा





New Year Offer बैशाख १ देखि ३ गते खरिद गरिएको टिकटले वर्षको अन्त्यसम्म तीन पटकसम्म पुनः प्रयोग गर्न मिल्ने

James World Fun Park

Phone No. 057-522723, Adwait Chowk, Lanku, Chitwan

साझाकुरा

## हाम्रो कुरा

# डढेलो नियन्त्रणमा पूर्वतयारी आवश्यक

नेपालमा प्राकृतिक रूपमा भन्दा पनि मानवीय कारण जस्तै- खोरिया फँडानी, बटुवा तथा गाडीका यात्रुबाट चुरोट र बिँडीका ठुटा लापरबाहीले फाल्दा, जंगलनजिक रहेको खेतबारी सफा गर्दा, नयाँ मुना वा घाँस पलाउने आशामा, वनभोज, हाइकिङ, पदयात्रा, क्याम्प फायरिङजस्ता मनोरञ्जनका क्रियाकलाप असावधानीका साथ सञ्चालन गर्दा तथा सहभागी हुँदा, वनमा सिकार तथा वन्यजन्तुको अवैध तस्करी गर्दा, वनसम्बन्धी कार्य तथा वनभित्र विभिन्न विकास निर्माणका कार्यमा कामदारको लापरबाहीले र कहिलेकाहीं रिसइबी, बदला तथा प्रतिशोधको भावनाले समेत वनमा आगो लगाउने कार्य भएको पाइन्छ । वन ऐन २०७६ ले यी कार्यलाई फौजदारी अपराधको मान्यता दिए पनि सोको कार्यान्वयन भने फितलो छ । समयमा नियमावली तयार नहुँदा पनि यो समस्या झन् जटिल भएको छ । यसको अर्को समस्या फिल्ड स्तरमा भन्ने हो भने आगो लगाउने व्यक्ति वा सहयोगी पहिचान गर्न नसक्नु हो । यसरी एउटा वन डढेलोले असंख्य क्षति हुँदा पनि अपराधी पहिचान र कारबाही नहुनु भनेको आम मानिसमा जे गरेपनि हुन्छ भन्ने मनोवैज्ञानिक भाव बृद्धि हुन जानु हो, जसको अन्तिम परिणाम वन डढेलोमा बृद्धि र सोबाट हुने असंख्य क्षति नै हो ।

डढेलो नियन्त्रण तथा नीतिगत कार्यान्वयन गर्ने प्रमुख निकायहरूमा नेपाल सरकारअन्तर्गत् पर्ने राष्ट्रिय निकुञ्ज वा वन्यजन्तु आरक्ष र प्रदेश सरकार मातहतमा रहेका डिभिजन वन कार्यालय पर्छन् । तर, उक्त कार्यान्वयन निकायसँग डढेलोबारेमा चाहिने आधारभूत तथ्यांक, आगलागी हुन सक्ने सम्भावित क्षेत्रहरूको पहिचान वा डढेलो लागिहाले नियन्त्रण गर्नेका लागि उपयुक्त स्रोत साधन छैन । अझ स्थानीय जनसमुदाय र सुरक्षाकर्मीबाट समेत सहयोग गर्न नसक्ने अवस्था आयो भने प्राकृतिक वर्षा नै कुर्नुपर्ने बाध्यकारी अवस्थासमेत छ । तर, यसमा मात्रै निर्भर हुने हो भने ठूलो मात्रामा क्षति व्यहोर्न तयार हुनुपर्छ । हालसम्म डढेलो नियन्त्रण गर्दा संयोगवश स्थानीय जनसमुदाय, सामुदायिक वन समूहका सदस्य, वन कर्मचारी र सुरक्षाकर्मीहरूको सहयोगमा सम्भव भएसम्म केही औजार र केही पनि उपलब्ध नभएको खण्डमा हरियो स्याउलाको प्रयोगले समेत आगो निभाउने गरेको पाइन्छ । यद्यपि सो नियन्त्रणमा परिचालित टोलीलाई डढेलोको प्रकार तथा व्यवहार र उपलब्ध औजारहरूको सही उपयोगको तरिका तथा विधिबारे जानकारी नहुँदा मानवीय क्षतिसमेत भएको देखिन्छ । विगतकै सम्झना गर्ने हो भने पनि सन् २००९ मा मात्रै रामेछाप जिल्लामा डढेलो नियन्त्रण गर्ने क्रममा १३ जना सुरक्षाकर्मीले ज्यान गुमाएका थिए ।

नेपालजस्तो विकासोन्मुख मुलुकमा वन डढेलो नियन्त्रणका लागि पूर्वानुमान वा पूर्व रोकथाममा ध्यान नदिँदा नियमित रूपमा डढेलो लाग्ने गर्छ । पूर्व तयारी नहुँदा बागमती प्रदेशको तीन जिल्लाको ५० हेक्टर वनमा डढेलो लागेको खबर आएको छ । यसको जोखिम अझै बढ्दै छ । केही जिल्लामा डढेलो रोकथाममा पूर्वतयारी जस्तै- अग्निनियन्त्रण रेखा निर्माण, नियन्त्रित डढेलो, तालिम, प्रचारप्रसार कार्यक्रमका लागि बजेट विनियोजन भएपनि त्यसले सोचेजस्तो प्रतिफल भने दिएको देखिँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत २९ गते मंगलबार १२ अप्रिल २०२२ । चैत शुक्ल एकादशी । चौलाथ्व एकादशी ११४२ । सूर्योदय ५:४२ र सूर्यास्त ६:२६ मा हुनेछ । कामदा एकादशी व्रत/अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष विमान दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : महत्वपूर्ण भेटघाट हुनेछ | तुला | : नातागोतासँग भेटघाट हुनेछ |
| वृष | : उपहार हात लाग्नसक्नेछ | वृश्चिक | : रोकिएको कामहरु बन्नेछ |
| मिथुन | : मानसिक तनाव बढ्नेछ | धनु | : आनन्दको महसुस हुनेछ |
| कर्कट | : मनमा छट्पटि बढ्नेछ | मकर | : मन चञ्चल हुनेछ |
| सिंह | : शत्रु पराजय हुनेछ | कुम्भ | : मान-सम्मान बढ्नेछ |
| कन्या | : बुद्धि र पराक्रम बढ्नेछ | मीन | : धन लाभ हुनेछ |

# दलितको उपेक्षा कहिलेसम्म ?



हिरा विश्वकर्मा

गत साताको अन्त्यमा नेपाल सरकारले विभिन्न देशहरूका लागि २० जना राजदूत नियुक्तिको सिफारिस गऱ्यो । यीमध्ये १२ जना राजनीतिक आधारका र ८ जना करिअर डिप्लोम्याट छन् । खास गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्तिको सिफारिस हुनुपर्नेमा ७५ प्रतिशत पहाडी बाहुन-क्षेत्री, १५ प्रतिशत जनजाति र १० प्रतिशत मधेशी छन् । देशमा दलित समुदायको जनसंख्या १४ प्रतिशत छ तर एकै पटक यति धेरै राजदूत नियुक्तिको सिफारिस हुँदा एक जना पनि दलित परेको छैन । दलितको अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा समूहहरूले सरकारको यस्तो असमावेशी सिफारिसको विरोध गरेका छन्, सामाजिक न्यायमा विश्वास गर्ने मूलधारका मिडियाहरू पनि विरोधमा छन् । निर्वाचन आचारसंहिता लागू हुने अघिल्लो दिन सिफारिस भएका यी पदहरूमा पुनरावलोकनको गुन्जायस पनि छैन । राज्यको यस्तै कार्यशैलीका कारण हाम्रो देशमा दलितहरूले कहिल्यै अधिकार नपाउने र उनीहरूको लागि नेपाल बस्नलायक ठाउँ नहुने हो कि भन्ने आभास हुन थालेको छ ।

नेपाल २००७ सालपछि आधुनिक राजनीतिक युगमा प्रवेश गरेको मानिन्छ तर २०१७ सालसम्म निकै ठूलो अस्थिरता रह्यो । त्यति बेला नेपाली कांग्रेसको नेतृत्वदायी अंगमा महामन्त्रीका रूपमा धनमान सिंह परियार पुगेका थिए तर पनि समुदायका हिसाबले अवसर पाउने मामिलामा दलितहरू जहिले पनि पछि परे । पञ्चायत निरंकुश व्यवस्था थियो । सैनिक, कूटनीतिक तथा वायुसेवा जस्ता क्षेत्रमा राजपरिवार र उनीहरूका आसेपासेले मात्र अवसर पाउँथे । यस्ता क्षेत्रमा दलितहरूले पद र प्रतिष्ठा पाउने त कल्पनासमेत थिएन ।

२०४७ सालमा जनआन्दोलनको बलमा बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछि पनि लामो समयसम्म दलितहरूले सिधै अवसर पाएनन् । अपवादको रूपमा केहीले अवसर पाए पनि समुदायका लागि अवसर हुन सकेन, व्यक्तिगत भयो । समावेशी समानुपातिक सिद्धान्त अवलम्बन गरेको भनिएपछि पनि व्यवहारमा विभेद कायमै छ । वरिष्ठ पत्रकार गोपाल थपलियासँग लगनगाँठो जोडेकी गुणलक्ष्मी शर्मा विश्वकर्मा नेता माधवकुमार नेपालको विशेष सिफारिस र पहलमा बर्मा अर्थात म्यानमारका लागि नेपाली राजदूत नियुक्त भएकी थिइन् । नेपालको कूटनीतिक इतिहासमा उनी नै पहिलो दलित र दलित महिला राजदूत भइन् । राजदूतका रूपमा भेटेर आउने व्यक्तिहरूका अनुसार उनको बर्मा बसाइ निकै सुखद् रह्यो । उनी खास गरी नेपाली भाषी बर्मेलीहरूसँग घनिष्ठ सम्बन्ध स्थापित गर्न निकै सफल भइन् । ती व्यक्तिका अनुसार नेपाली भाषी बर्मेलीहरूले उनलाई आफ्नै दिदीबहिनीका रूपमा व्यवहार गरे । उनी त्यहाँका धेरै गाउँ डुलिन् । बर्मासँग हाम्रो व्यापारिक लगायत अन्य सम्बन्धहरू त्यति व्यापक नभएको हुँदा अन्य क्षेत्रमा उनको योगदान कस्तो भयो, त्यति स्पष्ट छैन तर पनि उनलाई सफल राजदूतको रूपमा चिनाउन सकिन्छ ।

गुणलक्ष्मी शर्मा विश्वकर्माले राजदूत भएर आफ्नो कार्यकाल पूरा गरेको दस वर्षसम्म पनि दलित समुदायबाट अर्को राजदूत नियुक्त हुन सकेन । यसो हुनुमा राजनीतिक पार्टीहरूको एउटै जाति, एउटै वर्ग र पुलिंगी वर्चस्वको असमावेशी चरित्र नै मुख्य कारण मान्न सकिन्छ । नेपाल २०६३ वैशाखमा गणतान्त्रिक युगमा प्रवेश गरेपछि हामीले पहिलेको सामन्ती चरित्र परिवर्तन हुने अपेक्षा गरेका थियौं ।

जन्म र वंशको आधारमा राष्ट्र प्रमुख हुने ठाउँमा जनताका छोराछोरी पुग्ने व्यवस्था बन्यो तर दलित समुदायका लागि यो परिवर्तन पनि आकाशको फलजस्तै भएको छ । २०७२ सालमा संविधान जारी भयो । हामीले एउटा ठूलो युद्धपछि प्राप्त भएको अमूल्य उपलब्धिका रूपमा संविधान पायौं । संविधानको धारा २४ र धारा ४० मा दलितको हक तथा धारा २५५ मा संवैधानिक दलित आयोगको व्यवस्था भयो । धारा २८१ ले महिला र दलितको सामाजिक विकासको सूक्ष्म अनुगमन गर्नु पर्ने व्यवस्था गऱ्यो । यसबाहेक, धारा ४२ को सामाजिक न्यायको हकले आफ्नो व्याख्यात्मक खण्डले समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता हुने प्रष्ट पारेको छ । त्यसलाई अझ स्पष्ट पार्दै धारा २८२ ले राष्ट्रपतिले राजदूत वा विशेष प्रतिनिधि नियुक्त गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्ने भनेको छ ।

त्यति मात्र नभई धारा २८३ ले समावेशी सिद्धान्तको आधारमा नियुक्ति गर्नु पर्ने संवैधानिक आयोग तथा निकायका पदमा नियुक्त गर्दा समावेशी सिद्धान्त बमोजिम गरिने छ भनी थप व्यवस्था गरेको छ । यता गत साता मात्र भएको राजदूत नियुक्तिको सिफारिस हेर्दा दलितको सन्दर्भमा संविधानका यी सबै प्रावधानहरू पूरै बेवास्ता गरेको देखियो ।

साढे तीन वर्ष केपी ओली सरकार रहँदा पुष्पकमल दाहाल 'प्रचण्ड' को सिफारिसमा दलित समुदायका अग्रज व्यक्ति पदम सुन्दास बहराइनका लागि राजदूत नियुक्त भएका थिए । उनी भर्खरै आफ्नो कार्यकाल सकेर फर्किएका छन् । उनको बहराइन बसाइ नेपालीहरूका लागि फलदायी रहेको मानिएको छ । उनले आपतविपतमा परेका नेपालीहरूको उद्धारमा उल्लेखनीय काम गरेका कारण त्यहाँ कार्यरत नेपालीहरूले उनीप्रति निकै सम्मान र सदभाव प्रकट गरे । एक नेपाली महिलाले बहराइनमा बाबुको ठेगान नभएको बच्चा जन्माइन् । यसकारणले उनी जेलमा बस्नु पर्ने अवस्था आयो । ती महिलाको उद्धारमा राजदूत सुन्दासले निकै राम्रो भूमिका निर्वाह गरे ।

खाडी र मलेसियाका नेपाली दूतावास कूटनीतिक कामका लागि भन्दा पनि समस्यामा परेका नेपाली कामदारहरूको उद्धार र राहतका लागि काम गर्ने मिसनका रूपमा स्थापित गरे हुन्छ भन्ने उनको अनुभव छ । बहराइन अपेक्षाकृत विदेशी कामदारका लागि कम समस्या भएको देश मानिन्छ । त्यहाँ त नेपाली राजदूतले धेरै जसो समय उद्धार र राहतमा बिताउनु पर्छ भने लाखौंको संख्यामा नेपाली कामदार रहेका देशहरूको हालत के होला भन्ने अनुमान गर्न सकिन्छ ।

सुन्दास दलित समुदायबाट बनेको राजदूतलाई दूतावासमा रहेका प्राय: एउटै जात-समुदायका कर्मचारीहरूले असहयोग गरेर असफल बनाउन सक्छन् भन्ने कुरामा निकै सचेत थिए । उनले निकै सचेततापूर्वक काम गरेर आफ्नो कार्यकाल सफल बनाए, आफूलाई कुशल राजदूतका रूपमा स्थापित गरे । एक पटक मसँगको कुराकानीमा सुन्दासले 'राज्यले उच्च पदमा दलितलाई नियुक्ति नै नदिने तीतो यथार्थ एकातिर छँदैछ, अर्कातिर जुनसुकै कारणले भए पनि मैले राम्रो काम गर्न सकिनँ भने दलितले कामै गर्न सक्दैनन् भन्ने भाष्य निर्माणमा सहयोगी हुन्छु कि भन्ने कुरामा सचेत थिएँ' भने ।

ओली सरकार बाहिरिने बेलामा डा. निर्मल विश्वकर्मा दक्षिण अफ्रिकाका लागि राजदूत नियुक्त भई कार्यस्थल पुगेका थिए । यता नेपालमा ओली सरकार पतन भएपछि देउवा सरकारले धेरै राजदूतहरूलाई फिर्ता बोलायो । त्यसमा डा. विश्वकर्मा पनि परे । राजदूतका रूपमा चार महिना पनि बिताउन नपाउँदै फिर्ता हुनु परेकोमा उनले अत्यन्तै अपमानित महसुस गरेका छन् । यद्यपि उनी दलित भएको कारणले फिर्ता भएका होइनन् । सरकार परिवर्तन हुँदा पहिलेको सरकारले गरेका नियुक्ति फिर्ता गर्ने प्रतिशोधको सिकार भएका हुन् । हालसम्म दलित समुदायबाट तीन जना राजदूत नियुक्त भए । तीमध्ये दुई जनाले आफ्नो कार्यकाल पूरा गर्न पाए, एक जना फिर्ता हुनु पऱ्यो । पार्टीगत रूपमा एमालेबाट माधव नेपाल तथा केपी शर्मा ओली र माओवादीबाट प्रचण्डले दलितलाई केही भाग दिए पनि कांग्रेस र जसपा यसमा पछि परेका छन् ।

अहिले राजदूतको भागबण्डामा माधव नेपाल र जलस्रोतमन्त्री पम्फा भुसालका बहिनीज्वाइँले, झलनाथका सालाले अवसर पाएका छन् । माधव नेपाल प्रधानमन्त्री भएका बेला कूटनीतिक पृष्ठभूमि नभए पनि उनका दुई जना भाइ ल्हासा र हङकङका महावाणिज्यदूत नियुक्त भएका थिए । नेपालको शासन व्यवस्था हेर्दा घुमाई फिराई घिउ कहाँ पोखियो आफ्नै भागमा भन्ने उखान चरितार्थ भएको देखिन्छ । वर्चस्व बाहुन क्षेत्रीकै छ, नेताका आफन्तहरूकै छ । राजदूत सिफारिसको सन्दर्भमा माधव नेपालको पार्टीको दलित मुक्ति संगठनका नेता गणेश विश्वकर्मा निकै असन्तुष्ट देखिएका छन् । दलितहरूप्रतिको अपमान आपत्तिजनक र प्रतिगामी कदम हो भन्ने उनको टिप्पणी छ ।

उनले नेतृत्व गरेको दलित मुक्ति संगठनले मुस्ताङ, म्याग्दी र सुर्खेतमा पार्टी जोगाइदिने काम गरेको छ । आफ्नो पार्टीले भने दलितलाई उपेक्षा गरेको उनको भनाइ छ । यसै पनि दलित तथा अन्य सीमान्तकृत समुदायले अहिलेको व्यवस्थामा पनि बहिष्करण महसुस गरेका छन् । संविधानले यसमा केही सुधार हुने आशा जगाएको थियो तर पार्टी नेताहरूले संविधानका प्रावधानहरूको उपेक्षा गर्ने गरेका छन् । यस्तो उपेक्षित व्यवहार र संविधान विरोधी आचरणले कसलाई कहाँ पुऱ्याउँछ, त्यो भविष्यले निर्धारण गर्नेछ । हेर्दै जाऔं ।

*-साभार:सेतोपाटी*

# के चितवनमा कांग्रेस कमजोर छ ?



विन्दुकान्त घिमिरे

भरतपुर महानगरपालिकाको चुनावी तालमेलका विषयलाई लिएर सत्ता गठबन्धन भित्र ठूलो समस्या उत्पन्न भएको छ । यो समस्याको जरो निकै गहिरो भएका कारण शीर्ष नेताहरु अनिर्णयको बन्दी बनेका छन् । नेपाली कांग्रेसको चितवन जिल्ला कार्यसमितिले भरतपुर महानगरपालिकाको मेयर पद यस पटक कांग्रेसले लिने निर्णय गरिसकेको छ । यो निर्णयमा चितवन कांग्रेस किन पुग्यो ? यो सन्दर्भलाई केलाउनका लागि २००७ सालको सेरोफेरोमै पुग्नुपर्ने हुन्छ ।

नेपाली कांग्रेसको गौरवशाली इतिहाससँग प्रत्यक्ष जोडिएको जिल्ला हो चितवन । नेपाली कांग्रेसले २००७ सालको जनक्रान्तिदेखि नै चितवनलाई आफ्नो राजधानीका रुपमा हेर्ने गरेको पाइन्छ । नेपाली कांग्रेसलाई हरेक संकटका बेला चितवनले पार लगाएको इतिहास छ । पञ्चायती व्यवस्थाको लामो कालखण्डमा कांग्रेसका नेताहरुले आश्रय लिने ठाउँ चितवन हो । पंचायत कालमा नेविसंघको अधिवेशन अन्यत्र गर्नै नसकिने अवस्थामा चितवनमै भएको थियो । २०२९ सालमा चितवनमा सम्पन्न दोस्रो महाधिवशेनबाट नेविसंघको अध्यक्ष बनेपछि नै वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाको भाग्योदय भएको हो । २०५२ सालदेखि माओवादीले १० वर्षसम्म गरेको सशस्त्र युद्धमा कांग्रेसका नेता तथा कार्यकर्तालाई गाउँ गाउँबाट खेद्ने अभियान चलेको थियो । यो अभियानका क्रममा कांग्रेसका विस्थापित नेता तथा कार्यकर्तालाई आश्रय दिएको ठाउँ पनि हो चितवन ।

२०१५ सालको आम निर्वाचनमा चितवनबाट नेपाली कांग्रेसका बखानसिंह गुरुङले १३ हजार ४ सय ५५ मत ल्याएर चुनाव जितेका थिए । २०७४ सालको आम निर्वाचनमा नेकपा (माओवादी केन्द्र)का पुष्पकमल दाहाल 'प्रचण्ड' ४८ हजार मत ल्याएर विजयी बने भने उनका निकटतम प्रतिस्पर्धी राप्रपाका विक्रम पाण्डेले ३८ हजार मत प्राप्त गरे । नेपाली कांग्रेसले उमेद्वारसमेत उठाएन । राप्रपाका उमेद्वार पाण्डेलाई समर्थन गऱ्यो । यो चितवनमा नेपाली कांग्रेस कमजोर बन्दै गएको उदाहरण हो । तर, चितवनमा कांग्रेस एक्कासी कमजोर भएको होइन । यसका धेरै कारण छन् । २००७ सालको जनक्रान्तिमा नेपाली कांग्रेसले चितवन जिल्लाको हिउँदकालीन सदरमुकाम ठोरी र ग्रीष्मकालीन सदरमुकाम उपरदाङगढीलाई सुरुवाती चरणमै आफ्नो कब्जामा लिएको थियो । चितवन क्षेत्र रणनीतिक महत्व बुझेर राणा प्रधानमन्त्री मोहनशम्शेरले बृहत बस्ती बसाल्ने योजना अघि बढाएका थिए । तर, सफल हुन सकेनन् । २००७ सालको जनक्रान्ति सम्पन्न भइसकेपछि नेपाली कांग्रेस नेतृत्वको सरकारले बखानसिंह गुरुङको अग्रसरतामा चितवनमा बृहत बस्ती विकासको योजना सुरु गऱ्यो । खासगरी गण्डकी क्षेत्रतिरका मानिसलाई बखानसिंह गुरुङले अभियानै चलाएर चितवन झारे । त्यसपछि चितवन नेपाली कांग्रेसको अखडा बनेको हो ।

२०१७ सालको परिवर्तनपछि नेपालका प्राय सबै जिल्लालाई पञ्चायतले सजिलै आफ्नो कब्जामा लियो । कांग्रेसका धेरै नेता तथा कार्यकर्ताले आत्मसमर्पपण गरे, केही कार्यकर्ता प्रवासमा गए । तर, चितवनका कांग्रेसजन भने डटेर लडे । महेन्द्रले 'कु' गरेको एक वर्ष बित्दा नबित्दै २०१८ साल माघ २६ गते चितनवनलाई नेपाली कांग्रेसले आफ्नो कब्जामा लिएर मुक्तिक्षेत्र घोषणा गऱ्यो । त्यसबेला करिव ७२ घण्टासम्म चितवनलाई नेपाली कांग्रेसले आफ्नो कब्जामा लिएको थियो । नेपाली सेनाले चारैतिर घेरा हालेर एक साता बित्दा नबित्दै चितवनलाई फेरि राज्यको नियन्त्रणमा लियो । त्यसक्रममा नेपाली कांग्रेसका ३१ जना नेता तथा कार्यकर्ता मारिए ।

चितवनलाई नेपाली कांग्रेसको प्रभावबाट मुक्त गर्न राजा महेन्द्रले 'आइरन कट आइरन' को नीति लिए । कम्युनिष्ट दर्शनको प्रचार प्रसारबाटै नेपाली कांग्रेसको प्रभाव कम गर्न सकिने रणनीति अन्तरगत राजामहेन्द्रले दुई वटा फर्मुला एकैचोटी प्रयोग गरे । पहिलो फर्मुला लियो बन्दीपुरे नेवार साहुलाई कांग्रेसको सम्पर्कबाट पृथक गर्न पचासौं विघा जग्गा दिएर कम्युनिष्ट नेता गौरीभक्त प्रधानलाई चितवनमा बसोबास गराइयो । उनले तत्कालै बन्दीपुरे व्यापारी कदमकुमार पिया, मदनमोहन जोशी, बटुकलाल प्रधान लगायतलाई समेटेर कम्युनिष्टको संगठन गरे । यसैगरी शिक्षक तथा विद्यार्थीलाई कम्युनिष्ट प्रति आकर्षित गराउन आनन्ददेव भट्टको नेतृत्वमा भरतपुर क्याम्पसमा करिव आधादर्जन प्रध्यापक खटाइयो । कांग्रेसको गुप्तचरी गर्नका लागि जग्गा बक्सिस दिएर राजा महेन्द्रले ठूलो संख्यामा आफ्ना अनुचर तैनाथ गरे । यसरी २०३६ सालसम्म आइपुग्दा जनस्तरबाटै कांग्रेसको प्रतिकार हुनसक्ने अवस्थामा पंचायतले चितवनलाई पुऱ्याइसकेको थियो । २०३६ सालको विद्यार्थी आन्दोलनको बेलासम्म चितवनमा कांग्रेसको पकड कमजोर थिएन । २०३६ वैशाख २० गते भरतपुरमा आन्दोलन चर्किंदा नेपाली कांग्रेसका दुई जनालाई गोली हानेर मारिएको थियो । त्यो गोली प्रहरीका तर्फबाट हानिएको थियो या भिजिलान्ते प्रयोग गरिएको थियो ? भन्ने एकिन हुन सकेको छैन । किनकी पञ्चायतले चितवनका युवा कम्युनिष्टमा कांग्रेसप्रति धेरै नै ठूलो घृणाभाव फैलाई सकेको थियो । तर, २०३७ सालको जनमत संग्रहमा चितवनमा बहुदल पक्षले नै बढी भोट ल्याएको थियो । तर, चितवनमा कम्युनिष्टको संगठन यसरी बढ्दै गयो कि २०४३ सालको राष्ट्रिय पंचायतमा दुवै सिट कम्युनिष्ट उमेद्वारले जिते ।

२०४६ सालको जनआन्दोलनमा चितवनमा चार जना मारिएका थिए । मारिने सबै कांग्रेसकै कार्यकर्ता थिए । त्यो जनआन्दोलनको पहिलो सहिद गणेश पौडेल चितवनकै हुन् । बहुदल प्राप्ति पछि २०४८ सालमा भएको निर्वाचनमा पनि चितवनका तीन वटै सिट कम्युनिस्टले जिते । क्षेत्र नम्बर १ बाट एमालेका जागृत प्रसाद भेटवाल, २ बाट नेकपा संयुक्तका भीमबहादुर श्रेष्ठ र ३ बाट संयुक्त जनमोर्चाका अमिक शेरचनले चुनाव जिते । त्यसपछि २०४९ सालमा भएको स्थानीय निर्वाचनमा भरतपुर नगरपालिका लगायत चितवनका प्राय सबै गाउँपालिका नेपाली कांग्रेसले जित्यो ।

२०५१ सालमा नेकपा एमालेले २ र कांग्रेसले १ क्षेत्रमा चुनाव जिते । एमालेबाट भेटुवाल र काशिनाथ अधिकारी विजयी भए भने क्षेत्र नम्बर ३मा कांग्रेसका तीर्थ भुषालले चुनाव जिते । २०५४ को स्थानीय चुनावमा नेकपा एमालेले राम्रो नतिजा ल्यायो । पार्टीका जिल्ला सचिव रहेका विष्णु घिमिरे जिल्ला विकास समितिका सभापति बने । २०५६ सालको आमनिर्वाचनमा चितवनका तीनवटै क्षेत्र नेपाली कांग्रेसले जित्यो । २०६४ सालमा चितवनलाई ५ वटा निर्वाचन क्षेत्र बनाइयो ।

पाँचै वटामा माओवादीले चुनाव जित्यो । उक्त संविधानसभाबाट संविधान बनाउन नसकी विघटन भएपछि २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा नेपाली कांग्रेसले २, नेकपा एमालेले २ र राप्रपाले १ क्षेत्रमा जिते । चितवन क्षेत्र नम्बर ४ बाट कांग्रेसका तत्कालीन केन्द्रीय सभापति सुशील कोइराला आफैँ उम्मेदवार बनेर लडे । चुनाव जिते र पछि उपनिर्वाचनमा पनि कांग्रेसकै उम्मेदवार रामकृष्ण घिमिरेले जिते । चितवन सबै भन्दा सुरक्षित ठान्दै कांग्रेस सभापति कोइराला चुनाव लड्न आएका थिए ।

२०७४ सालको स्थानीय तह निर्वाचनमा माओवादीले नेपाली कांग्रेससँग गठबन्धन गरेर भरतपुर महानगरपालिकामा चुनाव जित्यो । प्रचण्डपुत्री रेणु दाहाल मेयर बनिन् । मतगणना क्रममा अन्तिम समयमा मतपत्र च्यातिएको घटना सधैं चर्चाको विषय बनिरहेको छ । २०७४ को स्थानीय निर्वाचनमा माओवादीले माडी नगरपालिका पनि जित्यो । एमाले रत्ननगर, खैरहनी, राप्ती र कालिका नगरपालिकामा विजयी भयो । कांग्रेस इच्छाकामना गाउँपालिकामा मात्रै सीमित बन्यो ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा माओवादी पार्टीका अध्यक्ष प्रचण्ड एमालेसँग गठबन्धन गरेर चितवनमा चुनाव लड्न आइपुगे । यो निर्वाचनमा चितवनका तीनवटै क्षेत्र वाम गठबन्धनले जित्यो । प्रचण्ड चितवन क्षेत्र नम्बर ३ बाट विजयी भए, २ बाट कृष्णभक्त पोखरेल र १ बाट सुरेन्द्र पाण्डे विजयी बने । निर्वाचनपछि माओवादी र एमाले एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी बन्यो । तर, एकता लामो समयसम्म टिक्न सकेन ।

आसन्न स्थानीय निर्वाचन २०७९ मा चितवन जिल्ला सबै भन्दा बढी पेचिलो भइरहेको छ । सत्तागठबन्धनमा सामेल दलहरुले बनाएको मापदण्ड अनुसार कांग्रेसले स्थानीय चुनावमा प्रचण्डकी छोरी रेणु दाहालका लागि छाड्नुपर्ने हुन्छ भने प्रतिनिधिसभा निर्वाचनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' स्वयंलाई छाड्नुपर्ने हुन्छ । गत स्थानीय निर्वाचनमा माओवादीलाई र प्रतिनिधिसभा निर्वाचनमा राप्रपालाई भोटहाल्न बाध्य बनाइएका चितवनका कांग्रेसजनको प्रश्न छ 'सधैं अर्काको पार्टीलाई मात्रै भोट हाल्न बनाइएको हो, चितवनको संगठन ?'

कांग्रेसले एक्लै चुनाव जित्नसक्ने ताकत हुँदाहुँदै माओवादीका उमेद्वारलाई किन भोट हाल्ने ? भन्ने प्रश्न चितवनका कांग्रेसजनको हो । तर, नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले भने कांग्रेसले एक्लै चुनाव जित्नसक्ने मत चितवनमा नभएको दाबी गर्दै आएका छन् । प्रधानमन्त्रीले पार्टीको गोप्य बैठकमा दिएको विवरण झुटो नहोला ।

तर, गत आम निर्वाचनको समानुपातिक तर्फको मत परिणामलाई हेर्ने हो भने भरतपुर महानगरपालिका र चितवनको क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेस पहिलो नम्बरमा छ । समानुपातिकतर्फ क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसले २६ हजार, एमालेले २४ हजार, माओवादीले २३ हजार मत ल्याएको देखिन्छ । यसैगरी ३ वटा राप्रपाले गरी ८ हजार मत ल्याएको देखिन्छ । भरतपुर महानगरपालिका भित्र भने एमालेको तुलनामा नेपाली कांग्रेसको अग्रता अली बढी छ ।

नेपाली कांग्रेसको ४१ हजार, एमालेको ३७ हजार र माओवादीको २६ हजार मत देखिन्छ । यसैगरी राप्रपाको ११ हजार देखिन्छ । यी चारै वटा पार्टी अलग अलग चुनाव लड्दा मात्रै नेपाली कांग्रेसको पल्लाभारी हुने हो । तर, एमाले र राप्रपा मिलिदिए भने मात्रै पनि काण्ड पुग्छ । त्यसो त गत आम निर्वाचन यताको चार वर्षे अवधिमा माओवादी केन्द्र छाडेर एमाले प्रवेश गर्नेहरुको संख्या पनि उल्लेख्य छ । तर, पार्टी विभाजित भएका कारण एमालेको भोट खासै बढेको छैन ।

*-साभार: खबरहब*

# नेपाली राष्ट्रिय फुटसल टिम उज्वेकिस्तानसँग पराजित



काठमाडौं /एएफसी फुटसल एसियन कप छनोटमा नेपाल पहिलो खेलमा उज्वेकिस्तानसँग ५-१ ले पराजित भएको छ । उज्वेकिस्तानका लागि रोपिभ इख्तियोरले २ गोल गर्दै नेपाललाई निराश बनाएका हुन् ।

खुस्नीद्दिन निसोनोले खेलको दोस्रो मिनेटमा नै गोल गर्दै उज्वेकिस्तानलाई अग्रत दिलाएका थिए । खेलको ५ औं मिनेटमा रोपिभ इख्तियोरले गोल गर्दै अग्रता दोब्बर बनाए । त्यस्तै, खेलको ११ औं मिनेटमा उज्वेकिस्तानका उस्मोनोभ अक्बरले गोल गर्दै पहिलो हाफमा नै खेल उज्वेकिस्तानको पकडमा लगे ।

नेपालका लागि खेलको २८ औं मिनेटमा मणी कुमार लामाले गोल गर्दै नेपाललाई खेलमा फर्काउने प्रयास गरे । तर ३२ औं मिनेटमा रोपिभ इख्तियोरले व्यक्तिगत दोश्रो गोल गर्दै उज्वेकिस्तानको जित पक्का गरे ।

दोस्रो हाफको अन्तिम मिनेटमा उज्वेकिस्तानका गोलरक्षक रभ्सन इलिबेभले गोल गर्दै उज्वेकिस्तानलाई ५-१ को जित दिलाएका हुन् । खेलको २९ औं मिनेटमा खेम सुमित श्रेष्ठलाई फाउल गर्दा नेपालले फ्रि किक पाएको थियो । फ्रि किकमार्फत पाएको अवसरलाई पासका माध्यमद्वारा सरोज तामाङले हानेको बल पोष्टको बारमा लाग्दै बाहिरि यो । यसअघि एएफसी फुटसल छनोटमा नेपाल सन् २०१७ मा र २०१९ मा उज्वेकिस्तानसँग क्रमश : १४-१ र ४-१ ले पराजित भएको थियो । २०१९ मा मणि कुमार लामाले गोल गरेको र यस पटक पनि उनै मणिले गोल गरे । उनी एपीएफबाट फुटबल खेल्छन् ।

खेलमा पराजित भए पछि नेपालका प्रशिक्षक गौरव बस्नेतले नेपालले राम्रो प्रदर्शन गरे पनि गोल गर्न नसक्दा पराजित हुनु परेको बताए । 'दोस्रो हाफमा हामीले धेरै मौका पायौं । तर उपयोग हुन सकेन केही बारमा लागेर फर्किए । आजको खेलमा हामीले बलियो प्रतिस्पर्धा दिएका हौं तर उज्वेकिस्तान भाग्यशाली सावित भयो', नेपालका प्रशिक्षक गौरव बस्नेतले भने ।

उनले आगामी खेलमा ताजकिस्तान र अफगानिस्तानसँग रणनीति परिवर्तन गर्दै राम्रो खेल्ने बताए । प्रशिक्षक बस्नेतले नेपालले मैत्रीपूर्ण खेल नखेलेका कारण पनि गाह्रो भएको बताए ।

'हामीले यस्तो मैदानमा मैत्रीपूर्ण खेल खेलेका थिएनौं । किर्गिस्तानमा खेलेको दुई मैत्रीपूर्ण खेल पनि यस्तो मैदानमा थिएन, पिचमा थियो, त्यसले पनि समस्या भयो ।' नेपाले दोश्रो खेलमा आज ताजकिस्तानसँग प्रतिस्पर्धा गर्ने छ । -साभार: अनलाईनखबर

# वैशाखमा ब्याजदर नबढ्ने, एक हप्ता एलसी बन्द गरिने




काठमाडौं /आगामी वैशाख महिनाका लागि निक्षेपको ब्याजदर नबढ्ने भएको छ । आइतबार बसेको वाणिज्य बैंकहरुको छाता संगठन नेपाल बैंकर्स संघले वैशाखका लागि ब्याजदर परिवर्तन नगर्ने निर्णय गरेका हुन् ।

हाल बैंकहरुमा निक्षेपको ब्याजदर अधिकतम ११.०३ प्रतिशत काय छ । बजारमा तरलता अभावका बीच पनि बढ्दो ब्याजदरका कारण ऋणीहरुमा थप भार परेको र उत्पादनमा समेत समस्या परेको भन्दै बैंकहरुले वैशाखका लागि नयाँ ब्याजदर नतोक्ने निर्णय गरेको एक बैंकर्सले जानकारी दिए ।

सोही बैठकले तत्काल एक हप्ताका लागि कुनैपनि विलासीताका वस्तुको आयातमा जारी गरिने प्रतितपत्र (एलसी) समेत नखोल्ने निर्णय गरेको ती व्यक्तिले जानकारी दिए । बढ्दो आयातका कारण विदेशी मुद्रा सञ्चितिमा परेको निरन्तर दबाबलाई केही सन्तुलित राख्न र बचत गर्न यस्तो निर्णय गरिएको उनले बताए । यसले मुद्राको सञ्चिति मात्र नभई आयात नियन्त्रणमा समेत उल्लेख्य भूमिका खेल्ने उनले बताए ।

पछिल्लो समय बढ्दो आयातका बीच अपेक्षित रुपमा रेमिटेन्स बढ्न नसक्दा र विदेशी मुद्रा आर्जनका स्रोतहरु खुम्चिँदा सोको दबाब विदेशी मुद्रामा परिरहेको छ । यसैको प्रभाव निरन्तर मुद्रा घट्दै जादा नेपालको आर्थिक अवस्था पनि श्रीलंकाको जस्तै हुन्छ कि भनेर सबैबाट चिन्ता व्यक्त भएका छन् ।

यसैलाई ध्यानमा राख्दै राष्ट्र बैंकको पछिल्लो निर्देशनलाई बैंकहरुले कार्यान्वयन गर्न लागेका हुन् । गत हप्ता राष्ट्र बैंकले एक सर्कुलर जारी गर्दै बैंकहरुलाई अत्यावश्यक बाहेका विलासी वस्तुहरुको एलसी जारी नगर्न निर्देशन गरेको थियो ।

यसअघि नै बैंक ले ४७ प्रकारका हार्मोनिक कोर्ण भएका ३०० भन्दा माथिका वस्तुहरुको आयातमा ५० प्रतिशतदेखि सतप्रतिशतसम्म मार्जिनको व्यवस्था गरेको थियो ।

-साभार: रातोपाटी

# नेपाल बास्केटबल लिगको तेस्रो संस्करण जेठमा हुने

काठमाडौं/तेस्रो संस्करणको नेपाल बास्केटबल लिग (एनबिएल) आगमी जेठमा हुने भएको छ । आयोजक नेपाल बास्केटबल लिग प्राइभेट लिमिटेडले सोमबार एक पत्रकार सम्मेलन गर्दै लिगबार जानकारी दिएको छ ।




कोरोना भाइरसको महामारी र त्यसपछिका विभिन्न कठिनाईका कारण रोकिँदै आएको थियो । पुरुष बास्केटबल लिग जेष्ठ ७ देखि सुरु हुनेछ । महिला लिग जेष्ठ १८ देखि सञ्चालन गराइने आयोजकले जनाएको छ । दुई महिनासम्म सञ्चालन हुने एनबिएल नेपालकै सबैभन्दा लामो तथा ठूलो बास्केटबल लिग हो । दुवै बिधाको प्लेअफ खेलहरु असार ३२ देखि सुरु हुनेछन् भने फाइनल श्रावण ७ मा हुनेछ ।

घोषणा कार्यक्रममा आयोजक एनबिएल अध्यक्ष नमित थापा, आयोजक समितिका अध्यक्ष अरुण कार्की, राष्ट्रिय टोलीका कप्तान सधिश प्रधान, एप्सले र अस्ट्रलकी मालिक ऋती सिंधे तथा लिनिङ नेपालका सीइओ राजन महर्जनको उपस्थिति थियो । एनबिएल (पुरुष) तर्फ टाइम्स इन्टरनेशनल क्लब, त्रिभुवन आर्मी क्लब, गोल्डेन गेट इन्टरनेशनल क्लब, रोयल बास्केटबल क्लब, बुढानिलकण्ठ नगरपालिका बास्केटबल क्लब र कीर्तिपुर बास्केटबल क्लब सहभागी हुने पक्का भएको छ ।

विशाल मिलन केन्द्र (बीएमके) र क्याम्पियन सोलोले पनि प्रतिस्पर्धा गर्नेछन् । महिला नेपाल बास्केटबल लिगतर्फ नेपाल पुलिस क्लब, ललितपुर हाइ क्लब, रोयल बास्केटबल क्लब, आइएसए नेपाल र कीर्तिपुर बास्केटबल क्लबले सहभागीता जनाउने निश्चित भएको छ । दुवै महिला र पुरुष डबल राउण्ड रोबिन लिगका आधामा होम एण्ड अवे गरि दुई-दुई खेल खेल्नेछन । दुई चरणको लिगपछि शीर्ष चार टोलीले प्ले अफमा स्थान बनाउने छन् । दुवै प्रतियोगिता ६५ दिनसम्मका लागि सञ्चालन हुनेछन् । पुरुषतर्फ ५६ र महिलातर्फ २० लिग खेलहरु हुनेछन् ।

प्लेअफमा पहिलो र दोश्रो स्थान हासिल गर्ने टोलीले बेस्ट अफ थ्रिका आधारमा पहिलो क्वालिफायर खेल्नेछन् । विजयी टोली सिधै फाइनल प्रवेश गर्नेछ । तेश्रो र चौथो स्थानको टोलीले बेस्ट अफ थ्रि एलिमिनेटर खेल्नेछन् । विजयी टोलीले पहिलो क्वालिफायरको पराजित टोलीसंग फाइनल प्रवेशका लागि दोश्रो क्वालिफायर खेल्नुपर्ने हुन्छ ।

एनबिएल पुरुष प्रथम हुने क्लबले २ लाख र उपविजेताले १ लाख रुपैयाँ प्राप्त गर्नेछन् । एनबिएल डब्लुएनबिएलतर्फको प्रथम हुनेले १ लाख र दोस्रो हुनेले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । दुवै विधामा हरेक खेलको एमभिपीले ३ हजार पाउने छन् । दुवै विधाका फाइनलससम्मका एमभिपी १० हजार बराबरको गिफ्ट भौउचर पाउनेछन् । उत्कृष्ट प्रशिक्षक र उदीयमान खेलाडीले पनि १० हजार बराबरको गिफ्ट भौउचर पाउनेछन् ।

प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा वि सोलुसन प्रालि रहेको छ । व्यापार परामर्श कम्पनी वि सोलुसनले १० लाख बराबरको लजिस्टिक सहयोग र जनशक्ति प्रदान गर्नेछ । सानिमा जनरल इन्स्योरेन्सले प्रतियोगितामा सहभागी प्रत्येक खेलाडी, प्रशिक्षक, रेफ्रि र स्वयंसेवकहरुको ५ लाख बराबरको बिमा गराएकोछ । सानिमा लगातार दोश्रो संस्करण एनबिएलसँग आबद्ध रहेको हो ।

अष्ट्रेलियाको साउदर्न क्रस युनिभर्सिटीले नगद डेढ लाख, एस्ट्रल स्किल्स इन्स्टिच्युट अफ अष्ट्रेलियाले एक लाख र एप्स्ली कलेजले एक लाखको प्रायोजन गरेको छ । भिभिड एजुकेशनले पनि नगद र एमभिपी प्रायोजनमा एक लाख बराबरको सहयोग गर्नेछ । खेल समाग्री बितरक लि निंगले एनबिएललाई बास्केटबल सामग्री प्रदान गर्नेछ । -साभार: हाम्रो खेलकुद

# 'सम्झना बिर्सना' गीतमा आकाश र पूजाको प्रेम

काठमाडौं/जेठ ६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सम्झना बिर्सना'को पहिलो गीत सार्वजनिक भएको छ । आइतवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको 'परेली'मा बोलको गीतमा अञ्जु पन्त र निमेष प्रधानको स्वर छ ।



गायक प्रधानकै शब्द तथा संगीत रहेको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री पूजा शर्मा रोमान्टिक भावमा प्रस्तुत छन् ।

गीत सार्वजनिक कार्यक्रममा अभिनेता श्रेष्ठले लामो समयपछि आफ्नो फिल्म हलमा हेर्न उत्साहित रहेको बताए । सम्पूर्ण टिमले मेहनत गरेकाले फिल्म राम्रो बनेको उनको भनाई छ । त्यस्तै, पूजाले आफू निर्मात्री पनि भएकाले बाहिरी ब्यानरको फिल्ममा काम गरिरहँदा निर्माता/निर्देशकलाई सुझाव दिने गरेको बताइन् । 'सम्झना बिर्सना'ले दर्शकलाई सम्झना छोड्ने उनको विश्वास छ । पूजाले आकाशसँग काम गर्न आफूलाई कम्फर्टेबल महशुस हुने पनि बताएकी छन् । उनले भनेकी छन्, 'को-एक्टरले गर्नुपर्ने साथ-सहयोग आकाशले सधैं गर्छ । मलाई काम गर्न सजिलो लाग्ने पल र आकाशसँग नै हो । उनीहरुसँग काम गर्दा पोजेटिभ भाइब्स आउँछ । यो फिल्मले आकाशलाई थप उचाइँ दिलाउनेमा विश्वस्त छु ।' 'सम्झना बिर्सना' पूजा र आकाशको चौंथो सहकार्य हो । दार्जिलिङ, सिक्किम र नेपालको जीवन पद्दतिको प्रेमकथामा आधारित भएर निर्माण भएको फिल्मलाई आदित्य प्रधान र रेविका प्रधानले निर्माण गरेका हुन् ।

निमेष प्रधान निर्देशित फिल्मको कथा तथा पटकथा निर्देशक प्रधान स्वयंले लेखेका हुन् । सुनिल थापा, शिशिर राणा, छुल्ठिम गुरुङलगायतको पनि अभिनय रहेको यो फिल्म आदित्य फिल्मस्को ब्यानरमा निर्माण भएको हो ।

कोरोना महामारीअघि भारतको सिलिगुडी, दार्जिलिङ र सिक्किम क्षेत्रमा छायांकन भएको फिल्ममा शिव ढकालको छायांकन, तारा थापा 'किम्भे'को सम्पादन र कमल राईको कोरियोग्राफी छ । शिशिर राणा र निमेष प्रधानले मिलेर फिल्मको संवाद लेखेका हुन् । निर्देशक प्रधानले आफूले युवा पुस्तालाई लक्षित गरेर फिल्म बनाएको जानकारी दिए । यो उनको डेब्यू निर्देशित फिल्म हो । -साभार: फिल्मीखबर

# टी-२० विश्व वरीयतामा नेपालको सुधार

काठमाडौं /आइसिसी पुरूष टी-२० टिम वरीयतामा नेपालले सुधार गरेको छ । अघिल्लो महिनाभन्दा एक स्थान माथि उक्लदै नेपाल १२औं स्थानमा छ ।

नेपालभन्दा तल युएई १३ औं, स्कटल्यान्ड, १४ औं र आयरल्यान्ड १५ औं स्थानमा छन् । शीर्ष स्थानमा भारत छ । दोस्रो स्थानमा इंग्ल्यान्ड छ भने पाकिस्तान तेस्रो स्थानमा, न्युजिल्यान्ड पाँचौ र अस्ट्रेलिया छैटौं स्थानमा छन् । वेस्ट इन्डिज सातौं, अफगानिस्तान आठौं, बंगलादेश नवौं, श्रीलंका दशौं र जिम्बावे एघारौं स्थनमा छ । नेपालले पछिल्लो यहि महिना घरेलु मैदानमा पपुवा न्युगिनी र मलेसियाबिरूद्धको त्रिकोणात्मक टी-२० सिरिजमा लिग चरणमा चार र फाइनलमा गरी लगातार पाँच खेलमा जित हात पारेको थियो ।

त्यसअघि नेपालले विश्वकप छनोटमा समूह चरणमा ओमान, फिलिपिन्स र क्यानडालाई पराजित गरेको थियो । सेमिफाइनलमा भने नेपाल युएईसँग हारेको थियो । यहिँ खेलमा पराजित हुँदा नेपाल विश्वकपमा छनोट हुन असफल भएको थियो । तेस्रो स्थानको खेलमा नेपालले ओमानलाई पराजित गरेको थियो ।

- साभार: सेतोपाटी

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वैदेशिक रोजगारीमा जानेको तालिममा कडाइ गरिने

काठमाडौं/श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारीमा जाने व्यक्तिको अभिमुखीकरण तालिमलाई कडाइ गरिने बताएका छन् । वैदेशिक रोजगार बोर्डको सचिवालयले आइतबार आयोजना गरेको परिमार्जित पूर्व प्रस्थान अभिमुखीकरण तालिम कार्यान्वयनको अवस्थाबारे सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रममा मन्त्री श्रेष्ठले अनिवार्यरुपमा लिनुपर्ने अभिमुखीकरण तालिम नलिई तालिमको प्रमाणपत्र मात्र लिने र दिने गरिएको पाइए कडा कारवाही गरिने बताए ।

श्रेष्ठले सेवाग्राहीहरुलाई प्रदान गरेको सूचना र जानकारीले वैदेशिक रोजगारी सुरक्षित र उपलब्धिमूलक हुने भएकोले पूर्व प्रस्थान अभिमुखीकरण तालिमलाई प्रभावकारी र समयानुकुल बनाइने बताए । अभिमुखीकरण तालीम प्रदायक संस्थाहरुलाई मर्ज गरेर स्तरीय सेवा प्रवाहको सुनिश्चितता गरिने मन्त्री श्रेष्ठको भनाइ छ ।

मन्त्रालयका सचिव एकनारायण अर्यालले पूर्व प्रस्थान अभिमुखीकरण तालिमको अभावले वैदेशिक रोजगारीका क्रममा जोखिम बढाउने भन्दै यसलाई औपचारिकतामा मात्र सिमित गर्न नहुने बताए । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको वैदेशिक रोजगारको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन विषयगत तालिमलाई पनि प्रभावकारी बनाउनुपर्ने सचिव अर्यालले बताए । मन्त्रालयका सल्लाहकार डा.केशव बस्यालले पूर्व प्रस्थान अभिमुखीकरण तालिममा गन्तव्य मुलुक सम्बन्धी जानकारी, वैदेशिक रोजगार सम्बन्धी कानून, सुरक्षित रोजगारी तथा अन्य हक अधिकारका विषयमा जानकारी दिनुपर्नेमा जोड दिए । उनले पूर्व प्रस्थान अभिमुखीकरण तालिम अहिले प्रभावकारी हुन नसकेको बताए ।

वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई गन्तव्य मुलुकसँग सम्बन्धित महत्वपूर्ण जानकारी, विद्यमान कानुन, धर्म, संस्कृति, रीतिरिवाज साथै केही समस्या परेमा कानूनी उपचारका लागि उपलब्ध सेवा तथा प्रक्रियाहरूको बारेमा जानकारी दिनुपर्ने बताए । वैदेशिक रोजगार बोर्ड सचिवालयका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठले पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रम परिमार्जन गरी देशगत म्यानुअल तयार गरिएको बताए ।

अभिमुखीकरण प्रदान गर्ने संस्थाका प्रतिनिधिहरुले न्यून शुल्कमा गुणस्तरीय तालिम प्रदान गर्न कठिनाइ रहेको भन्दै आफुहरुको समस्या पनि सम्बोधन गरिनुपर्ने बताएका थिए । नेपाल सरकारबाट अनुमति प्राप्त अभिमुखीकरण तालीम प्रदायक संस्थाहरुबाट पूर्व प्रस्थान अभिमुखीकरण तालीम सञ्चालन हुँदै आएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा २७ र वैदेशिक रोजगार नियमावली, २०६४ को उपनियम २० मा वैदेशिक रोजगारीमा जाने कामदारले अनिवार्य रुपमा वैदेशिक रोजगारमा जानु पूर्व तोकिए बमोजिमको अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ । -साभार: रातोपाटी

# गौतमबुद्ध विमानस्थलमा वैशाख १ गते परीक्षण उडान गर्ने तयारी

बुटवल/आगामी जेठ २ गते परेको बुद्ध पूर्णिमाको दिन अन्तर्राष्ट्रिय उडानको तयारी गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नयाँ वर्षको पहिलो दिन वैशाख १ गते परीक्षण उडान हुने भएको छ ।

नेपाल वायुसेवा निगमको वाइडबडी जहाजले काठमाडौंबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि परीक्षण उडान गर्ने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक गोविन्दप्रसाद दाहालले जानकारी दिए । प्राधिकरणका एयर ट्राफिक कन्ट्रोलर र अन्य प्राविधिकहरूलाई अष्ट्रियाको भियना र एरो थाईका प्राविधिकहरूले परीक्षण उडानको लागि उपकरण सञ्चालनसम्बन्धी तालिम दिइसकेका छन् । निगमको जहाजबाट परीक्षण उडान सकिएसँगै नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई नियमित उडानका लागि प्रस्ताव आह्वान गर्नेछ । यसअघि थाइल्याण्डको एरो थाई कम्पनीले फागुन ६ गतेदेखि १० दिनसम्म यान्त्रिक परीक्षण उडान गरेपछि झण्डै एक दर्जन विदेशी वायुसेवा कम्पनीहरूले उडानको लागि चासो देखाएका छन् ।

सरकारले हवाई सेवा कम्पनीलाई औपचारिक रूपमै भैरहवाबाट व्यवसायिक उडानका लागि आग्रह गरेपछि कुवेतको जजिरा एयरलायन्सले सबैभन्दा पहिला सिधा उडानका लागि प्रस्ताव गरेको थियो । भैरहवाबाट कुवेतमा सिधा उडान भर्न जजिराले अनुमति मागेको र व्यवसायिक उडानको योजना र तयारीमा कुनै समस्या नआए हप्ताको सातै दिन उडान भर्ने प्राधिकरणले जनाएको छ ।

त्यस्तै, नेपाल वायुसेवा, श्रीलंकन एयर, सलाम एयर, थाई स्माइल, कतार एयर, फ्लाई दुबई, गल्फ एयर, गो एयर, एयर बीच र ओमन एयरले चासो देखाएका छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्ने वायुसेवा कम्पनीलाई पहिलो ६ महिना ल्याण्डिङ र पार्किङ शुल्कमा शतप्रतिशत र दोस्रो ६ महिनामा ५० प्रतिशत छुट दिने योजना प्राधिकरणको छ ।

७३ वर्षअघि २००६ सालदेखि सुरू गरिएको देशको एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल साँघुरो बन्दै गएपछि त्यसको विकल्पको रूपमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई अगाडि बढाइएको हो । २००६ सालमा हिमालयन एभिएसनको डाकोटा विमानले पहिलोपल्ट नेपालबाट कलकत्ताको लागि उडान भरे पनि २०२८ सालदेखि मात्रै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल व्यवसायिक रूपबाट प्रयोगमा आएको नेपाली हवाई इतिहास छ । ठेक्का सम्झौता गर्दा निर्माण सुरू गरेको तीन वर्षमा निर्माण सम्पन्न गर्ने भनिए पनि २०७१ सालमा शिलान्यास गरिएको यो विमानस्थल ७ वर्षपछि मात्रै निर्माण सम्पन्न भएको हो ।

भौतिक पूर्वाधार निर्माण र प्राविधिक उपकरण जडानको काम गरी दुई चरणमा निर्माण गरिएको विमानस्थलका लागि एसियाली विकास बैंकले ऋण अनुदान उपलब्ध गराएको हो । आयोजना प्रमुख इञ्जिनियर प्रवेश अधिकारीका अनुसार आइसिबी वान अन्तर्गत ६ अर्ब ८२ करोड ५१ लाख २० हजार २२७ रुपैयाँमा भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न गरिएको हो ।

चिनियाँ निर्माण कम्पनी नर्थ वेष्ट सिभिल एभिएसन एयरपोर्ट कन्स्ट्रक्सनले ६ अर्ब २२ करोड ५१ लाख २० हजार २२७ रुपैयाँमा आइसिबी वान अन्तर्गतको कामको ठेक्का सम्झौता गरेको थियो । तर जहाज उडान र अवतरणको लागि आवश्यक भिजिविलिटीका थप काम समेत आइसिबी वान अन्तर्गत नै राखिएपछि २०७५ साल मंसिरमा कस्ट भेरियसन गर्दा ६० करोड रकम थप गरिएको अधिकारीले जानकारी दिए ।

आइसिबी वानअन्तर्गत तीन हजार मिटर लम्बाई र ४५ मिटर चौडाइको धावनमार्ग, धावन मार्ग र जहाज पार्किङ क्षेत्र जोड्ने चार वटा लिंक, पाँच वटासम्म ठूला जहाज पार्किङ गर्नसक्ने क्षमताको पार्किङस्थल, टर्मिनल भवन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण भवन, पानी ट्यांकी, तारवार, नाला, ५ सयभन्दा बढी कार अटाउने क्षमता भएको कार पार्किङ, विद्युत जडान र टर्मिनल विल्डिङको उपकरणसहितको काम समेत समेटिएको थियो ।

त्यस्तै, आइसिबी टु अन्तर्गत ५० करोड लागतमा मौसम, सञ्चार र विमानको दिशा पत्ता लगाउने लगायतका उपकरण जडान र परीक्षणको काम सम्पन्न भएको छ । थाइल्याण्डको एरो थाई कम्पनीले जिम्मा लिएको आइसिबी टु अन्तर्गतको सबै काम समेत सम्पन्न गरी यान्त्रिक परीक्षण समेत सम्पन्न भइसकेको छ । आइसिबी टु अन्तर्गत जहाजको उडान र अवतरणका लागि आवश्यक उपकरण जडान, जहाजको स्थिति, लोकेसन र सञ्चार, सञ्चार उपकरण, एचएफ सिस्टम, अटोमेटिक वेदर अब्जर्भेसन सिस्टम लगायतका सबै काम गरी यान्त्रिक परीक्षणको काम समेत गरिएको आइसिबी टु का परियोजना व्यवस्थापक प्रविन न्यौपानेले बताए ।

न्यौपानेका अनुसार विमानस्थलमा जडान गरिएका सबै उपकरण अमेरिका, बेलायत, अस्ट्रेलिया, थाइल्यान्ड र अस्ट्रियाबाट ल्याइएको थियो । यीसँगै विमानस्थलको पश्चिमतर्फ ९० करोड रुपैयाँमा ठेक्का सम्झौता गरी कार्गो भवन समेत निर्माण गरिएको छ । यस्तै, विमानस्थल निर्माणको लागि जग्गा अधिग्रहण गर्दा २२ अर्ब ४० करोड रुपैयाँ मुआब्जा वितरणमै लगानी भएको छ ।

विमानस्थल निर्माणको लागि विमानस्थल आसपासका करिब २३ सय घरधुरीलाई सरकारले मुआब्जा दिएर जग्गा अधिग्रहण गरेको थियो । सबै चरणका काम सम्पन्न गर्दा यो विमानस्थलमा सरकारले ३० अर्बभन्दा बढी लगानी गरेको छ । जसमा नेपाल सरकारको ३७ दशमलव ४ र एसियाली विकास बैंकको ६२ दशमलव ६ प्रतिशत लगानी छ ।

२०२३ सालमा भारत सरकारको सहयोगमा निर्माण गरिएको गौतमबुद्ध विमानस्थलको क्षेत्रफल २०६१ सालसम्म जम्मा ८४ बिगाहा ३ कठ्ठा थियो । अहिले आइपुग्दा यसको क्षेत्रफल १० हजार ५ सय रोपनी पुगेको छ । जुन अहिले रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्दा धेरै क्षेत्रफल हो । आयोजना प्रमुख अधिकारी अहिले निर्माण गरिएको विमानस्थलको भौतिक पूर्वाधारले आगामी ५० वर्षसम्मको अन्तर्राष्ट्रियस्तरको उडान र अवतरणलाई थेग्ने गरी निर्माण गरिएको बताउँछन् । अब भैरहवाबाटै बोइङ ७७७, एयर बस ३३० सम्मका जहाज सहजै उडान र अवतरण गर्न सक्ने उनले बताए ।

यसअघि आन्तरिक उडानको लागि रहेको १ हजार ५ सय ५० वर्गफिटको टर्मिनल भवनलाई १५ हजार वर्गफिटमा परिणत गरिएको छ । यहाभित्र प्रतिघण्टा एकसाथ करिब ४ सय ५० जना यात्रु सेवा लिन सक्ने छन् । विमानस्थलको विस्तार स्तरोन्नतिसँगै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विकल्पको रूपमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुन लागेपछि यस क्षेत्रका लगानीकर्ता र सर्वसाधारण खुसी छन् । विमानस्थलको निर्माण सम्पन्न हुँदै गर्दा विमानस्थललाई नै लक्षित गरी व्यवसायीहरूले पाँचतारे होटल, हाउजिङ र डिपार्टमेन्टल स्टोर्सहरूमा लगानी गरिरहेका छन् ।

भैरहवा र लुम्बिनीको क्षेत्रमा मात्रै होइन, विमानस्थललाई लक्षित गरेर नवलपरासी, बुटवल, कपिलवस्तु क्षेत्रमा समेत लगानी बढ्दै गएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष भीष्मप्रसाद न्यौपानेले बताए । 'कोभिड महामारीका कारण झण्डै साढे दुई वर्षसम्म सुस्ताएको यो क्षेत्रको व्यापार व्यवसाय विमानस्थलको सञ्चालनले माथि उकासिने हाम्रो अपेक्षा छ,' उनले भने । विश्वका बौद्धमार्गीहरूको आस्थाको केन्द्र विश्वशान्तिको मुहान लुम्बिनीलाई केन्द्रमा राखेर सञ्चालन हुन लागेको विमानस्थलले यो क्षेत्रको पर्यटन उद्योग बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ ।

सिद्धार्थ होटल संघ नेपाल भैरहवाका महासचिव रवीन्द्र शर्मा घिमिरे गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने सरकारी तयारीसँगै लुम्बिनी प्रदेशकै बासिन्दा र लगानीकर्ता विमानस्थलको व्यवसायिक उडानको प्रतीक्षामा रहेको बताउँछन् । विमानस्थललाई नै हेरेर लुम्बिनी आसपासमा होटलमा लगानी गर्ने क्रम बढेको छ ।

घिमिरेका अनुसार भैरहवा-लुम्बिनी क्षेत्रमा मात्रै पछिल्लो समय ७ वटा पाँचतारे होटल निर्माण भइरहेका छन् । तीमध्ये दुइटा सञ्चालनमा आइसकेका छन् भने अरू निर्माण भइरहेका छन् । पछिल्लो आठ वर्षमा मात्रै चार दर्जन बढी चारतारे होटल निर्माण भएका छन् ।

भैरहवाबाट अन्तर्राष्ट्रिय रूपमा उडान सुरू भएपछि नेपाल नागरिक उड्डयन प्राधिकरण, भन्सार, अध्यागमन, मौसम, क्यारेन्टाइन, नेपाल आयल निगम लगायतमा संस्थामा १ हजारभन्दा बढीको रोजगारी बढ्ने छ । त्यसको फाइदा यस क्षेत्रका उद्योग, पर्यटन, कृषि, पशुपालन लगायतका क्षेत्रले पनि लिनेछ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुनै कारणवश समस्या देखिँदा घण्टौंसम्म आकाशमै जहाजलाई होल्ड गर्नुपर्ने र अवतरण हुन नसकेर अन्य मुलुकमा लैजानुपर्ने बाध्यता गौतमबुद्ध विमानस्थलको सञ्चालनले हट्ने विश्वास गरिएको छ । -साभार: सेतोपाटी

# जनताले ठिक पार्टी र नेता चिन्न नसक्दा दु:ख पाए: लिङ्देन

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले जनताले ठिक पार्टी र नेता चुन्न नसक्दा दु:ख पाएको बताएका छन् ।

हेटौंडा-४ हुप्रचौरमा सोमबार भएको पार्टीको आमसभालाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले देशले कांग्रेस, एमाले र माओवादीको विकल्प खोजेको बताएका छन् । 'जनताले ठिक पार्टी र नेता चुन्न नसकेर दु:ख पाएका छन् ।

देशमा राजनीति व्यवस्था परिवर्तन भएपनि जनताको अवस्था उस्तै छ ।' उनले भने, अहिलेका पार्टीको विकल्प देशले खोजिरहेको छ ।,' लिङ्देनले देश टाट पल्टिनबाट जोगाउन सरकारसँग कुनै योजना नभएको बताए । कांग्रेस, एमाले माओवादीले देश टाट पल्टाएको र वैदेशिक ऋण अनुत्पादक क्षेत्रमा लगानी भएको उनको दावी छ ।

'कति पटक ठुला दललाई जिताई दिएर देश बन्छ ?,' लिङ्देनको प्रश्न छ । सम्बृदि र विकास केवल ठुला नेताहरूको परिवारलाई मात्रै भएको उनले आरोप लगाए । आगामी स्थानीय तह निर्वाचनमा राप्रपाले जित्ने सबै स्थानीय तहहरुमा १२



कक्षा सम्म नि:शुल्क शिक्षाको व्यवस्था गर्ने लिङ्देनको दावी गरेका छन् । मुलुक असफल राष्ट्रको बाटोमा गएको उनको भनाई छ । 'नेपाललाई श्रीलंका बनाउन खोजियो । कांग्रेस एमाले माओवादीलाई असफल हुने छुट छ । मुलुक असफल बनाउने छुट छैन ।,' उनले भने ।


१५ बर्ष पार्टी चलाउँदा केही गर्न नसक्नेले फेरि केही गर्लान् भन्ने आश नगर्न लिङ्देनले अपिल गरे । मुलुकमा राजसंस्था र हिन्दु राष्ट्र आवश्यक रहेको उनको दावी छ । पार्टी प्रमुख वा प्रधानमन्त्री २ पटक नेतृत्व गर्दापनि केही गर्न नसक्नेलाई फेरि मौका दिन नहुने बताएका छन् । लिङ्देलले कम्युनिष्टहरुले राज परिवारबारे दुष्प्रचार गरेर आफू महान देखाउन खोजेको दावी गरेका छन् ।

कम्युनिष्टहरुले राजाले स्वीजरल्याण्डको बैंकमा अर्बौं रकम जम्मा गरेर राखेको र त्यो ल्याएपछि प्रत्येक जनताले चार विहाग जग्गा र सुन किन्न सक्छन् भनेर हल्ला फिँजाएको उनको दावी छ ।

'राजा शासन गएको १५ बर्ष बितिसकेको छ, स्वीजरल्याण्डको बैंकमा कति रकम रैछ ? राजाको खुलासा हुन सकेको छ ?,' लिङ्देनले प्रश्न गरे । राप्रपा नेपालकी केन्द्रीय सदस्य रेखा थापाले देश हाँकिरहेको दलहरुले मुलुकलाई खतरामा पारेको आरोप लगाएकी छन् । हुप्रचौरमा भएको पार्टीको आमसभालाई सम्बोधन गर्दै थापाले देश बचाउन राप्रपामा आफू लागेको भन्दै सबैलाई पार्टीमा आउन अपिलपनि गरेकी छन् । उनले राप्रपाको एजेण्डा राष्ट्र र धर्म बचाउने भएको बताइन् ।

राप्रपाले नेपाली जनताका लागि विकास र पूर्वाधारको जिम्मा लिने बताएकी छिन् । पार्टीले शिक्षा, स्वास्थ्य तथा जनताको आधारभूत आवश्यता पूरा गर्ने थापाले बताइन् । अहिलेका नेता खराब नभएको र जनताको रोजाई नै खराब भएको थापाको तर्क थियो ।

आगामी स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचन निर्वाचन मात्र नभएर सत्य र असत्यको लडाई भएको बताएकी छन् । 'हामी बोलेर हैन गरेर देखाउँछौं । जनताको आवश्यकता समस्या के छ ? हामीले नजिकबाट नियालेका छौं । गम्भिर छौं ।,' आफू राप्रपामा प्रवेश गरेपछि आमनेपाली दाजुभाइको मुहारमा खुसीको बहार देखिएको दाबी थापाले गरिन् । थापाले धेरै दिदीबहिनीहरु सपना विहीन भएको देखेको र राप्रपाले उनीहरुको सिप र शिक्षाको सुनिश्चितता गर्ने दाबी गरिन् ।



जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका वडा नम्बर-११ स्थित नागछेडामा बनेको झोलुङ्गे पुल । विगतमा झोलुङ्गे पुल नबन्दा घण्टौ हिँड्नुपर्ने बाध्यता हटेपछि खुशी भएका स्थानीय नवनिर्मित पुल अवलोलन गर्दै । वडा अध्यक्ष किरणमान बलका अनुसार महाभिरबाट विधार्थीहरुलाई विद्यालय जान जोखिम र घण्टौं हिँड्नु पर्ने बाध्यता हटेसँगै थाहा नगरको समृद्धिमा एक आयाम थपिएको उनले बताए । पर्यटकीय क्षेत्रको रुपमा विकास भेरहेको नागछेडा जान अब सहज भएको वडाध्यक्ष बलको भनाई छ । *तस्बिर: साझाकुरा*

## ज्येष्ठ नागरिक वडा मञ्च गठन



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/हेटौडा उपमहानगरपालिका-१७ मा यतिन्द्र पुडासैनीको अध्यक्षतामा ज्येष्ठ नागरिक वडा मञ्च गठन गरिएको छ ।

आइतवार श्रीमदभागवत ज्ञानसञ्चार बृद्धाश्रम, हेटौडा-१७ गैरीगाउँमा सम्पन्न भएको वडा भेलाले पुडासैनीको अध्यक्षतामा ७ सदस्यीय ज्येष्ठ नागरिक वडा मञ्च गठन गरेको हो । समितिको सचिवमा बुद्धिनाथ न्यौपाने, कोषाध्यक्षमा चक्रधरी घिमिरे सर्वसम्मत चयन भएका हुन ।

सदस्यहरुमा श्रीप्रसाद न्यौपाने, नानीबाबु बर्तौला, सीता अधिकारी, लालबहादुर नेगी चयन भएका हुन । मञ्च गठन ज्येष्ठ नागरिक जिल्ला संघ, मकवानपुको आयोजना र हेटैडा उपमहानगरपालिकाको सहयोगमा भएको हो । कार्यक्रम ज्येष्ठ सदस्य तुलसीमाया बर्तौलाको प्रमुख आतिथ्यता एवम ज्येष्ठ नागरिक जिल्ला संघ, मकवानपुरका अध्यक्ष हरिप्रसाद सिग्देलको अध्यक्षतामा भएको थियो । कार्यक्रममा हेटौडा-१७ का वडा सदस्य टिका प्रसाद तिमल्सिना, ज्येष्ठ नागरिक जिल्ला संघ, मकवानपुरका सदस्य केशव प्रसाद सञ्जेल, टोल विकास संस्था वडा समन्वय समिति, हेटौडा-१७ का सचिव शालिकराम घिमिरे, बैंकटेश टोल विकास संस्थाका अध्यक्ष बोधनाथ तिमल्सिना, चुच्चेखोला टोल विकास संस्थाका उपाध्यक्ष शिवप्रसाद गौतम, सञ्चारकर्मी भीमसेन पौडेल लगायतको उपस्थिति रहेको थियो ।

मञ्चले बैशाख १० गते सम्म नगरका १९ वटै वडामा ज्येष्ठ नागरिक मञ्च गठन गर्ने र अहिले सम्म १० वटा वडामा वडा मञ्च गठन गरिसकेको मञ्चका जिल्ला उपाध्यक्ष बुद्धि प्रसाद पौडेलले जानकारी दिएका छन् ।

## एमालेबाट मकवानपुर गढीमा हुमागाईं उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनमा एमालेले मकवानपुरगढी गाउँपालिकामा बिदुर हुमागाईंलाई उठाउने निर्णय गरेको छ ।

रुद्र बाटिकामा सोमबार भएको एमाले गाउँ कमिटीको बैठकले गाउँपालिका अध्यक्षमा पुन: बिदुर हुमागाई र उपाध्यक्षमा सन्तु पाखिनलाई उठाउने सर्वसम्मत निर्णय गरेको छ ।

हुमागाईंले पुन: अध्यक्षमा दोहोरिन चाहेमा अन्यले दावेदारी नदिने प्रतिबद्धता जनाएका थिए । मकवानपुरगढीकै ५ नम्बर वडाबासी हुमागाईंले २०७४ सालको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारलाई हराउँदै अध्यक्षमा विजयी बनेका थिए ।

पुन: उम्मेदवार बनेपछि बैठकमा बोल्दै हुमागाईंले जनताको भावना बुझेरै दोस्रो पटक चुनाव लड्न होमिएको बताए । पाँच वर्षमा भएका विकास देखेर जनताले आफूलाई पुन: जिताउनेमा हुमागाईं विश्वस्त रहेको बताए ।

> पाँच वर्षमा भएका विकास देखेर जनताले आफूलाई पुन: जिताउनेमा हुमागाईं विश्वस्त रहेको

उपाध्यक्ष उम्मेदवार पाखिन ४ नम्बर वडाकी हुन् । यसअघि उनी ४ नम्बर वडाको निर्वाचित सदस्य थिइन् । ४ नम्बर वडामा पाखिनको राम्रो प्रभाव रहेको बुझिएको छ ।

सामाजिक संघसंस्थामा रहेर लामो समयदेखि काम गरिसकेकी पाखिनले महिलाहरुको क्षमतासँगै आर्थिक उन्नतीका योजना ल्याउन गाउँपालिकामा जान चाहेको बताइन् । २०७४ सालको निर्वाचनमा यसअघि २ नम्बर वडाकी हर्कमाया रुम्बाले उपाध्यक्षमा जितेकी थिइन् । उनी तत्कालीन गाविसकी जनप्रतिनिधिपनि हुन् ।

## रोटरीको आँखा शिविर: ७६० को परीक्षण, ७० को अप्रेसन गर्नुपर्ने



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/रोटरी क्लब अफ हेटौंडाको नियमित बार्षिक कार्यक्रम अन्तरगत दोश्रो चरणको शिविर शनिवार सम्पन्न भएको छ ।

मक्वानपुर का ३ र, रौतहटको चन्द्रपुर न पा १ पौराहि बागमती गरी जम्मा ४ स्थानमा भएको शिविरमा सातसय ६० जनाको परीक्षण भएको र, ८० जनाको मोतिबिन्दुका बिरामीहरू शल्यकृयाका लागि छनौट गरिएकोमा जम्मा ७० जनाको मात्र अपरेशन भयको शिविर संयोजक अर्जुन सुवेदीले जनाए ।

उनका अनुसार गत बुधबार देखि सुरु गरी सोमबारसम्म बिरामीहरूको हेटौंडा सामुदायिक आँखा अस्पतालमा निशुल्क शल्यक्रिया गरि घर पठाउने कार्य जारी छ । बिरामीलाई शिविर स्थल देखि अस्पताल ल्याउने, शल्यक्रिया गर्ने र, घरसम्म पुर्याउने सबै व्यवस्थापन रोटरी क्लबको विशेषता रहेको र यो परम्परा लाई कायमै राख्ने रोटरी क्लब अफ हेटौडाका अध्यक्ष रामप्रसाद शर्माले बताए ।

यसका लागि बर्षौं देखि अस्ट्रेलियाका डेवीट एक्सले को विशेष आर्थिक सहयोग र, तास्मानियाका रोटरी क्लबहरूको अनवरत संयोजनले जीवन को सबै भन्दा महत्वपूर्ण अंग आँखाको उपचार गर्दै आएको क्लबका पूर्व अध्यक्ष धिरज कार्कीले बताए । क्लबले रोट्याक्ट क्लब अफ हेटौंडा र हेटौंडा सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा चैत्र २४ गते मकवानपुर को गढी गाउँपालिका कोआपटार, २५ गते राक्सिराङ गाउँपालिकाको खैराङ, र बागमती गाउँपालिकाको गढन एबम् रौतहटको पौराही बागमती माविमा नि:शुल्क आँखा शिविर गरेको थियो । गत ३ महिना पहिला पनि क्लव ले शिविरको आयोजना गरेर ११० जना भन्दा बढीको अपरेशन गरेको शिविर क्लबले जनाएको छ ।

गत शिविर भन्दा यस पटक बिरामीको संख्या धेरै नै कमी आएको र जाँच्न आउने एबम् मोतिविन्दुका रोगीहरूको संख्या समेत केही कम देखिएको क्लवले जनाएको छ । विगत २०५१ साल देखि सुरु भएको रोटरी क्लब अफ हेटोडाको आँखा शिविर को परिणाम स्वरूप हेटौडा सामुदायिक आँखा अस्पताल बन्न सफल भएको हेटौडा बसीको ठहर छ । "रोटरी क्लव भन्ने बित्तिकै हेटौडा बासीले आँखा अस्पताल लाई सम्झने गरेका छन् ।"

## अर्थमन्त्री शर्माको विरोधमा युवा संघको प्रदर्शन




काठमाडौं, २७ चैत/राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई हटाएको विरोधमा नेकपा (एमाले)को युवा संगठन राष्ट्रिय युवा संघ नेपालले अर्थमन्त्री जनार्दन शर्माविरुद्ध प्रदर्शन गरेको छ ।

युथफोर्सले अर्थमन्त्री जनार्दन शर्माको विरोधमा प्रयोग गरेको सामग्री युवा संघले आइतबार काठमाडौंमा अर्थमन्त्री शर्माविरुद्ध प्रदर्शन गरेको हो । गभर्नरको निलम्बन फिर्ता गर्नुपर्ने, अर्थमन्त्रीले राजीनामा गर्नुपर्ने, मूल्यवृद्धि नियन्त्रण गर्नुपर्ने, आर्थिक संकट समाधान गर्नुपर्नेलगायत मागसहितका नारा लगाउँदै युवा संघले प्रदर्शन गरेको हो । एमालेका कार्यकर्ताहरूले सरकारको विरोधमा नाराबाजी गर्ने क्रममा हालै नियुक्त कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाविरुद्ध पनि नाराबाजी गरेका थिए । गभर्नर अधिकारीमाथि छानबिन गर्नका लागि मन्त्रिपरिषद्ले गत बिहीबार समिति गठन गरेको थियो । सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा समिति गठन गरेसँगै उनी निलम्बनमा परेका थिए । सरकारको उक्त कार्यको प्रमुख प्रतिपक्षका नेताहरूले विरोध गर्दै आइरहेको अवस्थामा युवा संघ सडक प्रदर्शनमा उत्रिएको हो ।

एमालेबाट यसअघि अर्थमन्त्री बनेका एमाले उपाध्यक्षहरू विष्णु पौडेल र सुरेन्द्र पाण्डे तथा पूर्वअर्थमन्त्री युवराज खतिवडाले सोमबार नै पत्रकार सम्मेलन गरेका थिए । उनीहरूले गभर्नर निलम्बन गर्ने कदमले अर्थतन्त्रलाई क्षति पुग्ने दाबी गरेका थिए ।

## बालबालिकालाई शैक्षिक सामग्री



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/मनहरी गाउँपालिकामा रहेको बालविकास केन्द्रका बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा कपडा सहयोग प्रदान गरिएको छ ।

मनहरी-२ स्थित ट्याङ्की दमरमा रहेको सीता माध्यामिक विद्यालयको शाखाको रुपमा संचालित ट्याङ्की दमार बालविकास केन्द्रमा अध्ययनरत् बालबालिकाहरुलाई अष्ट्रेलियन नागरिक मार्कुस् बेलिङ्गरको आर्थिक सहयोग तथा मनहरी निवासी जल्मा स्याङ्तानको पहलमा शैक्षिक सामग्री तथा कपडा सहयोग गरिएको हो ।

विद्यालयका ३७ जना बालबालिकाहरुलाई ट्र्याक सुट तथा खेलौना सामग्री वितरण गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार पाखिनले सहयोग गरेकोमा खुशी व्यक्त गरे ।





गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

www.sajhakuranews.com
साझाकुरा
"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



# हार्दिक शुभकामना

यस सामुदायिक विकास केन्द्र नेपाल स्थापनाको २० औं वार्षिक उत्सवको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सामुदायिक विकास केन्द्र नेपाल परिवार
हेटौंडा-८, कमाने

# पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

# जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परि वर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
सामुदायिक कृषि सहकारी संस्था लि.
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
**Phone: 057-520315**

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना